जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

सूचना
जनकपुरधाममा
घरभन्दा पनि राम्रो
खाना सहितको कक्षा
८ सम्मको व्यवस्थित
होस्टेलको लागि
सम्पर्क
९८१५८३०६०१

बर्ष १२ • अंक १८६ • २०८२ बैशाख १४ गते आईतवार • 27 Apr. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

# अब विस्तारै मधेशका महिला दिदिबहिनीहरुको दिनचर्या फेरिँदै

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, १३ बैशाख



अब विस्तारै मधेशका महिला दिदिबहिनीहरुको दिनचर्या फेरिँदै गएको छ। चुलोचौका सिमित महोत्तरीका महिलाहरु कागज उद्योगमा जागिर गरिरहेका छन् । यसले गर्दा मधेशका महिलाहरुको जीवन फेरिएको छ । गौशाला नगरपालिका–८ कुसमारी घर हुनुभएको फूल कुमारी साह हरेक दिन खाना बनाएर उद्योग तिर काम गर्न जानुहुन्छ। बिहानै उठ्ने वित्तिकै साहलाई हतारो हुन्छ । उहाँ घर नजिकै खुलेको देशकै ठुलो कागज उद्योग काम गर्नुहुँछ।

घुम्टोबाट बाहिर निस्किएर सधैं गाउँको बाटो भएर फूल कुमारी उद्योगमा जानुहुन्छ। यो मधेशका लागि ठुलो समाजिक रुपान्तरण रहेको तराई मधेश सांस्कृति अनुसन्धान प्रतिष्ठान बर्दिबासका अध्यक्ष राजकरण महतो सुनाउनुहुन्छ । उहाँ भन्नुहुन्छ, ‘‘मधेशका महिलाहरु घरमा एक प्रकारले जेलको बन्दी जस्तै घुम्टो भित्र बन्द छन् । अब त्यो बन्द ढोकाहरु महिलाहरुले तोड्दै समाजमा उदाहरणीय काम गरिरहेका छन् । त्यसैको उदाहरण फुल कुमारीहरु हुन् ।’’ गाउँमै उद्योग खुलेपछि फूल कुमारीलाई रोजगारी प्राप्त भएको हो । बिहान ८ देखि साँझ ५ बजेसम्म उहाँ उद्योगमा कागज मिलाउने काममा व्यस्त रहनुहुन्छ। महोत्तरीको गौशाला नगरपालिका-१ रामनगरस्थित इटाटारमा नीजि क्षेत्रको लगानीमा नेपाल पल्प एण्ड पेपर ईण्डष्ट्रिज सञ्चालित छ।

गत फागुन १२ गते प्रधानमन्त्री केपी शर्मा ओलीले उद्योगको उद्घाटन गर्नुभएको थियो। दुई अर्बभन्दा बढी लगानीमा आईएमई ग्रुपले उद्योग सञ्चालन गरेको उद्योगपति चन्द्र ढकालले बताउनुभयो । मधेशमा महिला दिदीबहिनीहरु अझै घुम्टो भित्र खुम्चिएर बस्नु परेको पीडालाई उद्योगले बिर्साइदिएको फूल कुमारी सुनाउनुभयो। उहाँ खुशी हुँदै भन्नुहुन्छ, ‘‘मैले उद्योगमा कात्तिक महिनादेखि काम गरिरहेको छु। दैनिक ८ घण्टा काम गर्छु । एक घण्टा ओभर टाईम दिन्छु । दिनको साढे चार सय ज्याला पाइन्छ।’’ फूल कुमारी यस अघि दैनिक खेति किसानीको काममा ज्याला मजदुरी गर्नुहुन्थ्यो। गाउँमै उद्योग खुलेपछि जीवन फेरिएको उहाँ सुनाउनुहुन्छ। गाउँतिर खेतिकिसानीको सिजनमा मात्रै काम पाइन्छ। अन्य समय बिहान बेलुकाको छाँक कसरी टार्ने भन्ने चिन्तामा फूल कुमारी पर्नुहुन्थ्यो। तर अहिले गाउँमै कागज उद्योग खोलेपछि दुःखको दिन गएको उहाँको भनाइ छ। उहाँ मात्रै होइन् उहाँसँगै उद्योगमा ३९ वर्षीया फुल कुमारी राउत पनि काम गर्नुहुन्छ। उद्योगले उहाँलाई परिवार पाल्न निकै सहज भएको छ।

बच्चाहरुलाई बिहान खाना पकाएर खुवाएपछि घर बाहिरको दैनिकी उहाँको सुरु हुन्छ। खाना खाएर दिउँको खाजा लिएर उद्योगमा बिहान उहाँ काम गर्न प्रवेश गर्नुहुन्छ । उद्योगको कमाइले उहाँको चुलो मात्रै बलेको छैन, पाँच जना सन्तानहरुलाई शिक्षादिक्षा र पालन पोषणमा सहयोग पुगेको छ। उहाँ भन्नुहुन्छ, ‘‘साना व्यपारीले उद्योगमा पुराना कागजहरु सङ्कलन गरेर ल्याउँछ। हामी त्यसलाई रङ र साइजको आधारमा छुट्याएर थाक लगाएर राख्छौं। मैले सिकेको काम अरुलाई पनि सिकाउने गरेको छु ।’’ उद्योगले कादारलाई हरेक महिनाको २५ गते तलब दिने गरेको छ । अब फूल कुमारी राउतलाई गुणस्तरीय जीवन बाँच्न योजना बनाउन पनि सहज भएको छ । उहाँका अनुसार उद्योगमा तीन सय कामदार मध्य एक सयको सङ्ख्याका महिलाहरुले काम गरिरहेका छन् । यसैगरी, धनमति पासवानलाई पनि फुल कुमारीहरु जस्तै अहिले चुलो बाल्न सजिलो भएको छ। उद्योगमा रोजगारी पाएपछि उहाँको हातमा मासिक १३ हजार पाँच सय रुपियाँ पर्छ । यो उहाँले दैनिक साढे चार सय कमाउँदाको हिसाब हो।

उहाँ भन्नुहुन्छ, ‘‘पहिला तातो घाममा काम गर्नुपर्थ्यो। अहिले महिनै पिच्छे तलब पनि आउँछ, आरामले काम पनि गर्न पाइएको छ । रमाइलो भयो जीवन ।’’ नेपाल पल्प एण्ड पेपर इण्डष्ट्रिजले महिला दिदिबहिनीहररुलाई मात्रै होइन् देशलाई आत्मनिर्भर बनाउने विश्वास काम गरेको छ । उद्योगले देशको आर्थिक अवस्था सुधार हुने पक्कापक्की भएको बर्दिबास उद्योग बाणिज्य संघका अध्यक्ष बिष्णु खड्काले बताउनुभयो । उहाँका अनुसार यो कागज उद्योग स्थापना भएसँगै बाहिर फालिएको कागज सङ्कल गरेर फेरी नयाँ कागज बनाएर आयात घटाउन सहयोग पुग्नेछ। नेपालमा वार्षिक करिब ढेड लाख मेट्रिकटन कागज खपत हुने गरेको छ।

सरकारी स्तरको भृकुटी कागज उद्योग बन्द भएपछि नेपालमा बाहिरबाट कागज ल्यानु परेको बाध्यता अब स्थापित कागज कारखानले अन्त्य गर्ने विश्वास लिइएको छ । घरेलु उद्योग, ठुला उद्योग स्थापना गरेर महिलालाई रोजगारमा जोड्नु पर्ने मुख्य आवश्यकता रहेको मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंह बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, ‘‘मधेशका युवाहरु बैदेशिक रोजगारीमा जान्छन्, घरमा रहेका महिलाहरुलाई उद्यममा जोड्न सक्यो भने देशको आर्थिक अवस्थामा छिट्टै सुधार हुन्छ।’’ मधेश प्रदेश कृषि तथा औद्योगिक क्षेत्रका लागि उर्बर क्षेत्र रहेको मुख्यमन्त्री सिंहको भनाइ छ।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme

33 Years of Academic Excellence




## साइबर सुरक्षाबारे सचेत रहौं

- अपरिचित इमेल, सन्देश र लिङ्कहरु नखोलौं,
- संवेदनशील जानकारी (पासवर्ड, बैंक विवरण) सुरक्षित राखौं,
- अनधिकृत सफ्टवेयर डाउनलोड नगरौं,
- फर्जी वा अनलाइन लगानी (क्रिप्टोकरेन्सी) जस्ता साइटहरुबाट हुनसक्ने ठगीबाट जोगिऔं,
- सामाजिक सञ्जालमा आफ्नो ठेगाना, फोन नम्बर र वित्तीय विवरण नराखौं ।
- आफ्नो पासवर्डलाई बलियो राखौं र नियमित रुपमा परिवर्तन गरौं,
- वाई-फाई नेटवर्कको पासवर्ड सुरक्षित राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




# मौलिक हकको सम्मान गर

*लामो समयदेखि कार्यान्वयन नभएका पेसागत हकहितका विषयलाई बन्दै गरेको विद्यालय शिक्षा ऐनमार्फत कार्यान्वयन गराउन शिक्षक महासंघले आन्दोलन जारी राखेको छ । जुन तीन हप्ताभन्दा बढी लम्बिइसकेको छ। विगतमा भएका आन्दोलन तत्कालीन विशेष मुद्दामा आधारित हुन्थे। सरकारले ती मुद्दालाई कुनै न कुनै रूपमा सम्बोधन गर्ने आश्वासन दिई सम्झौतामा टुंगिने पनि गर्थे । जसले गर्दा शिक्षकका आन्दोलन मौसमी बाजाजस्ता हुने गरेका थिए । अहिलेको आन्दोलन भने विगतको भन्दा फरक प्रकृतिको देखिएको छ । नयाँ मुद्दा स्थापित गर्ने कुराका अतिरिक्त मूल मुद्दाका रूपमा विगतमा भएका सम्झौता कार्यान्वयन गराउनु नै अहिलेको शिक्षक आन्दोलनको मूल उद्देश्य देखिएको छ ।*

*यस उद्देश्यमा महासंघ निर्णायक नतिजा निकाल्ने ध्येयमा अडिक देखिन्छ । शिक्षकप्रति सरकारले गरेको विभेद, अन्याय र विगतका घोकाधडीले गर्दा उनीहरूप्रति आम नागरिकको सहानुभूति छ । यतिमात्र होइन, सरकारको नेतृत्व गरेका प्रधानमन्त्रीलगायत जिम्मेवार व्यक्तिहरूले शिक्षकका आन्दोलनलाई निकै हलुको व्यंग्य गर्दै महत्व नै नदिएबाट शिक्षकप्रतिको सहानुभूति झनै बढ्दै गएको देखिन्छ । अभिभावकीय भूमिकामा रहेको सरकार अरू सबै पक्षभन्दा जिम्मेवार हुनुपर्नेमा उसका आचरण, व्यवहार र क्रियाकलापबाट जिम्मेवारी बोध गरेको नदेखिँदा आन्दोलन लम्बिँदै गएको हो ।*

*शिक्षामन्त्रीले आन्दोलन साम्य पार्न गरेको पहल र आफ्नै मन्त्रिमण्डलबाट प्राप्त असहयोगले पदबाट राजीनामा दिएको कुराले नेतृत्व शिक्षकका मुद्दामा संवेदनशील छैन भन्ने पुष्टि गर्छ । लामो समयदेखि शिक्षा ऐन जारी हुने चर्चा भए पनि नीतिगत, संवैधानिक र व्यावहारिक विविध कारणले गर्दा ऐन अड्केको छ । जुनकुनै बहानामा अब पनि आन्दोलन लम्बिनु प्रत्यक्ष रूपमा सामुदायिक शिक्षामाथिको प्रहार र बालबालिकाको मौलिक हकको हनन नै ठहरिने छ ।*

# धनुषाका कांग्रेसीले चर्को घाममा तताए सडक



**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १३ बैशाख**

नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवको चरित्र हत्या हुने गरी राप्रपा अध्यक्ष राजेन्द्र लिंङ्देनले दिएको अभिव्यक्तिले धनुषाका कांग्रेसी सडक तताएका छन्।

चर्को घाममा कांग्रेसका नेता तथा कार्यकर्ताले लिंङ्देनको आधारहीन अभिव्यक्तिको विरोध गर्दै जनकपुरधाम-महेन्द्रनगर सडकमा चक्काजाम गरेका छन् । बैशाख महिनाको दोश्रो साता आइपुग्दा गर्मीको पारो चढ्दै गर्दा धनुषाका कांग्रेसीहरुले लिङ्देन विरुद्ध सडक तताएका हुन्। बिहान ९:३० बजेदेखि १० बजेसम्म कांग्रेसी नेता कार्यकर्ताहरु लक्ष्मीनियाँ बजारस्थित सडकमै बसेर चक्काजाम गरेका हुन् । लिङ्देनको अभिव्यक्तीले आक्रोसित कांग्रेसीहरुले चर्का नाराबाजी गरेका छन् । उनीहरुले लिङ्देनको पुतलासमेत फुकेका छन्।

भाटभटेनी चोरी काण्डमा काँग्रेस नेता यादवलाई अनाहकमा जोडेर मानमर्दन गरेको भन्दै कार्यकर्ताहरुले राप्रपा अध्यक्ष लिङ्देनविरुद्ध चक्काजाम गरेका थिए । नेता यादवले मुकेश यादव नामक आफ्नो कुनै सन्तान नरहेको स्पष्ट पारिसकेका छन्। आफ्नो दुई सन्तान डा. आकाश यादव र डा. विकास यादव रहेको सह महामन्त्री यादवले प्रष्टयाइ सकेका छन्। राप्रपा अध्यक्ष लिङ्देनले सहमहामन्त्री यादवलाई जोडेर उनको छोरा भाटभटेनी चोरी काण्डमा सँलग्न रहेको बयान दिएपछि चौतर्फी विरोध भएको हो । केही मिडियाहरुले पनि मुकेश यादव नामक व्यक्तिलाई उनको छोरा बनाएर समाचार प्रकाशित गरेको हो।

# अपाङ्गता भएको व्यक्तिलाई प्रथम ह्वील चेयर वितरण



**जलेश्वरटुडे समाचारदाता**
**सर्लाही, १३ बैशाख**

सर्लाहीको चन्द्रनगरमा भारत सरकारको सहयोगमा नेपाल-भारत महिला मैत्री समाज द्वारा ह्वील चेयर वितरण गरिएको छ । आज वडा नं २ स्थित पर्ती बजारमा चन्द्रनगरका अपाङ्गता भएको व्यक्तिलाई प्रथम ह्वील चेयर वितरण गरिएको हो। चन्द्रनगर गाउँपालिका वडा नं १ देखि ७ सम्मका २० जना अपाङ्गता भएको व्यक्तिलाई ह्वील चेयर वितरण गरिएको छ।

वडा नं. ४ निवासी मन्दी देवी माझीले आफ्नो श्रीमानको लागि ह्वील चेयर लिन पाउँदा एकदमै खुसी लागेको बताउनुभयो। उहाँले आयोजक नेपाल-भारत महिला मैत्री समाज तथा साँसद चौधरीलाई सहयोग गरेकोमा धन्यवाद समेत दिनुभयो। वडा नं. ४ कै अर्का महिला भकानिएर भन्नुभयो , आज सम्म चन्द्रनगरमा कसैले पनि ह्वील चेयर वितरण गरेको थिएन तर आज भारत सरकारको सहयोगमा छोरीको लागि ह्वील चेयर लिन पाउँदा खुसी लागेको छ।

अपाङ्गता भएका प्रदिप धामीले नेपाल-भारत महिला मैत्री समाज र भारत सरकारले आफुहरुको लागि ठुलो गुण लगाएको बताउनुभयो । वडा नं. ३ सिकिन्द्र महतोले नेपाल-भारत महिला मैत्री समाजको आयोजना तथा भारत सरको सहयोग र प्रतिनिधि सभा सदस्य चन्दा चौधरीको पहलमा ह्वील चेयर वितरण हुने आफुले समाजिक सञ्जालमा हेरेर आज आए र ह्वील चेयर प्राप्त गरे। अब ह्वील चेयरको मदतले आफैले पनि हिडडुल गर्न सक्ने महतोले बताउनुभयो।


## व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।
– खाद्यान्न कार्यक्रम संचालन गर्न सहयोग मिल्ने ।
– आवासको व्यवस्था गर्न सजिलो हुने ।
– व्यक्तिगत घटना दर्ताका लागी सम्बन्धीत वडा कार्यालयमा सम्पर्क राखौं तथा घटना दर्ताको लागि आवश्यक कागजात एवं प्रकृयाहरु नागरिक वडा पत्रमा अध्ययन गरौं ।

**रामगोपालपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश नेपाल**


## तपाईको टुडे

मेष: विचार गरेर बोल्नुहोला
वृष: खानपानमा समस्या आउने
मिथून: अनावश्यक चिन्ता
कर्कट: मनमा पछुतो आउने
सिंह: मित्रतामा फाटो आउने
कन्या: पढाईमा ध्यान दिनुपर्ने
तुला: अनावश्यक खर्चको संभावना
वृश्चिक: लामो यात्राको योग छ
धनु: आम्दानी हुने
मकर: अशुभ समाचार प्राप्त हुने
कूम्भ: पिछडेको साथी मिल्ने
मीन: शुभ कार्यको शुरुवात


## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# राष्ट्रसङ्घद्वारा जम्मू-कश्मीरमा भएको आक्रमणको निन्दा गर्दै न्यायको माग

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १३ बैशाख**



संयुक्त राष्ट्र सुरक्षा परिषद् (युएनएससी) ले २२ अप्रिलमा जम्मू-कश्मीरमा भएको आतङ्कवादी आक्राणको कडा निन्दा गर्दै न्यायको माग गरेको छ। आक्रमणमा कम्तीमा २६ जनाको मृत्यु भएको थियो भने कैयौं घाइते भएका थिए।

अप्रिल २५ मा जारी गरिएको प्रेस विज्ञप्तिमा काउन्सिलका अध्यक्ष फ्रान्सका जेरोम बोनाफन्टले पीडित भारत र नेपाल सरकार तथा पिडित परिवारप्रति समवेदना व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गरेका छन्। आक्रमणले विश्वव्यापी आक्रोश निम्त्याएको जनाउँदै युएनएससीले अपराधीहरूलाई न्यायको कठघरामा ल्याउने तत्कालीन आवश्यकतामा जोड दिएका छन्। आतङ्कवाद विश्वव्यापी शान्ति र सुरक्षाका लागि खतरा भएको परिषद्ले उल्लेख गरेको छ। विज्ञप्तिमा कुनै पनि निर्दोष नागरिकहरूलाई लक्षित गरी आक्रमण गर्न नहुने विषयमा जोड दिएको छ। युएनएससीले जम्मू र कश्मीरको द्वन्द्वको प्रभावले आतङ्कवादी गतिविधिहरूमा बढ्दो अन्तर्राष्ट्रिय चिन्ता थपिएको जनाइएको छ। आक्रमण प्रतिको जवाफदेहितामा जोड दिँदै युएनएससीले आक्रमणका जिम्मेवारहरू विरुद्ध निर्णायक कारबाही गर्न आह्वान गरेको छ।

विज्ञप्तिमा न्याय सुनिश्चित गर्न अन्तर्राष्ट्रिय कानुन र विद्यमान सुरक्षा परिषद्को प्रस्ताव अन्तर्गत सहयोग गर्न सबै राष्ट्रलाई आग्रहसमेत गरिएको छ।

# रितेशको फिल्म सुटिङमा दुर्घटना : एकको शव फेला, छायांकन रोकियो

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १३ बैशाख**



बलिउड अभिनेता रितेश देशमुखको आगामी चलचित्र 'राजा शिवाजी' को सेटमा एउटा दुखद दुर्घटना भएको छ। कोरियोग्राफी टोलीका २६ वर्षीय नर्तक सौरभ शर्माको मृत्यु भएको हो।

सौरभ दुई दिनअघि सतारामा बेपत्ता भएका थिए। प्रहरीले अप्रिल २४ को बिहान उनको शव फेला पारेको थियो। यो दुर्घटनापछि फिल्मको छायांकन रोकिएको छ। प्रहरीका अनुसार घटना अप्रिल २२ मा भएको थियो। गीतको छायांकन सतारा जिल्लाको कृष्णा नदी नजिकैको संगम माहुली गाउँमा भइरहेको थियो। सुटिङ सकिएपछि, सौरभ नुहाउन नदीमा गए। नुहाउने क्रममा नदीको तीव्र धारले उनलाई बगाएको थियो। जब टोलीले सौरभलाई फेला पार्न सकेन, प्रहरीलाई खबर गरियो। उद्धार टोली घटनास्थलमा पुगेर खोजी कार्य सुरु गरेको थियो। तर, साँझको समय भएकोले अँध्यारो हुन बित्तिकै खोजी कार्य रोकियो। भोलिपल्टदेखि फेरि सौरभको खोजी सुरु भयो तर उद्धार टोलीले कुनै सफलता हासिल गर्न सकेन। बिहीबार, अर्थात् २४ अप्रिलमा, प्रहरीले सौरभको शव फेला पर्‍यो। यस विषयमा आकस्मिक मृत्युको मुद्दा दर्ता गरिएको छ। छत्रपति शिवाजी महाराजको जीवनमा आधारित यो फिल्ममा रितेश मुख्य भूमिकामा देखिनेछन्।

यो फिल्मलाई रितेश आफैंले निर्देशन गरिरहेका छन्। यो फिल्म हिन्दी र मराठी भाषामा रिलिज हुनेछ। यो फिल्म रितेशकी श्रीमती जेनेलिया देशमुख र ज्योति देशपाण्डेले निर्माण गर्दैछन्।

# आजका लागि निर्धारित यस्तो छ विदेशी मुद्राको विनिमय दर




**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १३ बैशाख**

नेपाल राष्ट्र बैङ्कले शनिबारका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ। निर्धारित विनिमयदरअनुसार अमेरिकी डलर एकको खरिददर १३६ रुपैयाँ ४३ पैसा र बिक्रीदर १३७ रुपैयाँ ०३ पैसा कायम भएको छ।

युरोपियन युरो एकको खरिददर १५५ रुपैयाँ ०५ पैसा र बिक्रीदर १५५ रुपैयाँ ७३ पैसा, युके पाउन्ड स्टर्लिङ एकको खरिददर १८१ रुपैयाँ ६४ पैसा र बिक्रीदर १८२ रुपैयाँ ४४ पैसा, स्विस फ्र्याङ्क एकको खरिददर १६४ रुपैयाँ ६७ पैसा र बिक्रीदर १६५ रुपैयाँ ४० पैसा तोकिएको छ। अष्ट्रेलियन डलर एकको खरिददर ८७ रुपैयाँ ०७ पैसा र बिक्रीदर ८७ रुपैयाँ ४५ पैसा, क्यानेडियन डलर एकको खरिददर ९८ रुपैयाँ २८ पैसा र बिक्रीदर ९८ रुपैयाँ ७१ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०३ रुपैयाँ ८१ पैसा र बिक्रीदर १०४ रुपैयाँ २६ पैसा निर्धारण गरिएको नेपाल राष्ट्र बैङ्कले जनाएको छ। त्यस्तै, केन्द्रीय बैङ्कले जापानी येन १० को खरिददर नौ रुपैयाँ ५२ पैसा र बिक्रीदर नौ रुपैयाँ ५६ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ७२ पैसा र बिक्रीदर १८ रुपैयाँ ८० पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रुपैयाँ ३७ पैसा र बिक्रीदर ३६ रुपैयाँ ५३ पैसा, कतारी रियाल एकको खरिददर ३७ रुपैयाँ ४३ पैसा र बिक्रीदर ३७ रुपैयाँ ५९ पैसा तोकेको छ। केन्द्रीय बैङ्का अनुसार थाई भाट एकको खरिददर चार रुपैयाँ ०७ पैसा र बिक्रीदर चार रुपैयाँ ०९ पैसा, युएई दिराम एकको खरिददर ३७ रुपैयाँ १४ पैसा र बिक्रीदर ३७ रुपैयाँ ३१ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३१ रुपैयाँ १९ पैसा र बिक्रीदर ३१ रुपैयाँ ३३ पैसा निर्धारण भएको छ। यसैगरी, साउथ कोरियन वन १०० को खरिददर नौ रुपैयाँ ४८ पैसा र बिक्रीदर नौ रुपैयाँ ५२ पैसा, स्विडिस क्रोनर एकको खरिददर १४ रुपैयाँ ०८ पैसा र बिक्रीदर १४ रुपैयाँ १४ पैसा र डेनिस क्रोनर एकको खरिददर २० रुपैयाँ ७७ पैसा र बिक्रीदर २० रुपैयाँ ८६ पैसा तोकिएको छ।

# पिटर र गियोङ्गमिन पार्कलाई एसिया ट्रायथलन कपको उपाधि

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १३ बैशाख**




नेपाल ट्रायथलन संघको आयोजनामा भएको २०२५ एसिया ट्राइयाथलन कप तथा दक्षिण एसियाली च्याम्पियनसिप अन्तर्गत भएको ट्रायथलनको पुरुषतर्फ अष्ट्रियाका पिटर लुफतेन्स्टेनर र महिला तर्फ कोरियाकी गियोङ्गमिन पार्कले उपाधि जितेका छन्।

पोखराको फेवा लेकमा भएको प्रतियोगितामा पिटरले ७५० मिटर पौडी, २० कि.मि. साईक्लिङ र ५ कि.मि. दौड ५३ मिनेट ४५ सेकेन्डमा पुरा गर्दै उपाधि जितेका हुन्। पिटरले उपाधिका साथ मेडल, प्रमाण पत्र र नगद ६३० डलर प्राप्त गरे। इजरायलका इतामर लेभाननले ५३ मिनट ५९ सेकेन्ड समयका साथ दोस्रो स्थान प्राप्त गरे। उनले मेडल, प्रमाण पत्रका साथ ५२५ डलर प्राप्त गरे। ५४ मिनट ०२ सेकेन्ड समयका साथ तेस्रो स्थान प्राप्त गरेका जापानका तेपी तोकुयामाले मेडल, प्रमाण पत्रका साथ ४२० डलर प्राप्त गरे। चौथो स्थान प्राप्त गरेका कोरियाका त्येगी किमले ३१५ डलर र पाँचौ स्थानमा रहेका जापानका तुया कोबायासीले नगद २१० डलर प्राप्त गरे। पार्कले समान दुरी १ घन्टा ४१ सेकेन्डमा पुरा गर्दै उपाधी उचालेकी हुन्। उनले मेडल, प्रमाण पत्रका साथ नगद ६३० डलर प्राप्त गरिन्। १ घन्टा १ मिनट ५३ सेकेन्ड समयका साथ दोस्रो स्थानमा रहेकी जापानकी काने ताकेनाकाले मेडल प्रमाण पत्रका साथ ५२५ डलर र १ घन्टा २ मिनट ९ सेकेन्ड समयका साथ जापानकी मिनोरी इकेनोले मेडल प्रमाण पत्रका साथ ४२० डलर प्राप्त गरिन्। चौथो स्थानमा जापानकी ईकुमी सेतो र पाँचौं स्थानमा उज्वेकिस्तानकी अलिना खाकी मोभा रहे। उनीहरुले क्रमशः ३१५ र २१० डलर प्राप्त गरे। दक्षिण एसियाली च्याम्पियन तर्फ भारतले एकाधिकार जमायो।


## भूल सुधार गरियो

जलेश्वरटुडे दैनिक पत्रिकाको वर्ष १२ को १८५ अंकको तेस्रो पृष्ठमा २०८२ साल वैशाख १३ गते प्रकाशित कृषि ज्ञान केन्द्र,जलेश्वर,महोत्तरीको स्यालो ट्यूबवेल जडान.... सम्बन्धी सूचना भन्ने शीर्षकमा दोस्रो पटक प्रकाशित मिति : २०८२।०१।१३ हुनुपर्नेमा अन्यथा हुन गएकोले सो सच्याइएको छ। – सम्पादक






# सगरमाथा-संवाद : नेपालले उठाउनैपर्ने सवाल




-केही दशकयता पृथ्वीमातालाई ज्वरो आएको छ। जसका कारण स्थानीय जलवायु चक्र बिथोलिएको छ । अतिवृष्टि र अनावृष्टिका घटना देखापर्न थालेका छन्। हिमालमा हिउँ जम्न छोडेको छ । बालीनाली बिग्रिएका छन् । जैविक विविधतामा ह्रास आउन थालेको छ। अन्ततः मानव स्वास्थ्यमा नै असर पार्न थालेको छ। ज्वरो आउनु आफैंमा रोग होइन, अरू कुनै रोगको असर हो। पृथ्वीलाई यस्तै कुनै रोग लागेको छ, जसलाई पत्ता लगाउँदा मात्र ज्वरोको उपचार सम्भव हुन्छ।

जलवायु परिवर्तनका सन्दर्भमा नेपाल सरकारले २-४ जेठ २०८२ मा 'सगरमाथा-संवाद' अन्तर्राष्ट्रिय सम्मेलन गर्दैछ। जलवायु परिवर्तनले पैदा गरेको संकटलाई विश्व समुदायसामु राख्ने जिम्मेवारी नेपालले लिएको सन्देश यस सम्मेलनले दिनसक्छ। यद्यपि, यस्तो सम्मेलन 'सिटामोल खुवाउने' परिचर्चामा सीमित हुनुहुँदैन। ज्वरो आउनुको कारण पत्ता लगाउने र त्यसको निदानका उपाय खोज्ने दिशामा केन्द्रित हुनुपर्छ। **रोगको कारण** मंगल ग्रहमा जीवनको खोजी गर्ने परियोजनाका अगुवा वैज्ञानिक जेम्स लभलक भन्छन्- पृथ्वीमा जीवनको सुरुआत भएयता सूर्यको तापक्रम २५ प्रतिशतले बढ्यो । तैपनि पृथ्वीको तापक्रम जीवन विस्तारका लागि आवश्यक हुने दरमा स्थिर रह्यो। यो कसरी सम्भव भयो ? उनीहरूको खोजले भन्छ- ब्रह्माण्डीय पर्यावरणसँगको सहकार्यमा पृथ्वी आफैंले यो सबै गर्‍यो। जंगल तथा वनस्पति उमारेर पृथ्वीले सूर्यको बढेको तापक्रमसँग सामञ्जस्यता कायम गर्‍यो। अनि यो जगतमा जीवनको विकास र विस्तार सुनिश्चित गर्‍यो। पछिल्ला अध्ययनले भन्छन्- औद्योगिक युगअघि पृथ्वीको सरदर तापक्रम १३.७ डिग्री सेल्सियस आसपासमा स्थिर थियो। सन् २०२३ सम्ममा १.२ डिग्री सेल्सियसले बढेको छ। जसका कारण जलवायु चक्र बिथोलिएको छ । वैज्ञानिकहरू चेतावनी दिन्छन्- यदि तापक्रम १.५ भन्दा बढी पुग्यो भने धेरै ठूलो प्राकृतिक क्षति हुनेछ।

केही शताब्दी अघिसम्म स्थिर रहेको पृथ्वीको तापक्रम आज आएर किन बढ्यो ? यस विषयमा भएका अध्ययनले भन्छन्- यसो हुनुमा मानवीय क्रियाकलाप नै जिम्मेवार छन्। मुख्य कारण जीवाश्म इन्धन (कोइला, पेट्रोलियम, ग्यास) को उत्सर्जन हो। त्यसैगरी जंगल फडानी, व्यावसायिक पशुपालन, खेतमा प्रयोग हुने रासायनिक मल र विषादी, फोहोर व्यवस्थापन र यातायातका साधन पनि पृथ्वीको तापक्रम वृद्धिका कारण हुन्। तापक्रम वृद्धिको सबैभन्दा धेरै अर्थात् लगभग ६५ प्रतिशत कारक औद्योगिक कार्बन उत्सर्जनलाई मानिएको छ । त्यस्तै, जंगल फडानीबाट ११ प्रतिशत, कृषिजन्य मिथेन उत्पादनबाट १० प्रतिशत, रासायनिक मल, फोहोर व्यवस्थापन र खनिज इन्धन जलाउँदा ६ प्रतिशत, फ्रिज, एसी र औद्योगिक उत्पादनमा प्रयोग हुने ग्यासबाट २ प्रतिशत र अन्य मानवीय क्रियाकलापबाट ६ प्रतिशत तापक्रम वृद्धि भएको मानिएको छ । यसमा मानवीय जनसंख्या वृद्धिको परिघटनालाई जोड्न जरूरी छ । औद्योगिक युग शुरू हुनुभन्दा पहिले विश्वको जनसंख्या ७० करोडको हाराहारी थियो।

हाल यो संख्या ८.१ अर्ब पुगेको छ । यति ठूलो मानवीय जनसंख्याका लागि खाद्य उत्पादन, यातायातका साधन, आवास निर्माण जस्ता आवश्यकता परिपूर्तिका लागि प्रकृतिको दोहन बढेको छ। यसरी जनसंख्या वृद्धि पनि पृथ्वीमा तापक्रम वृद्धिको कारक हो। **को कति दोषी ?** वार्षिक उत्सर्जन तथ्यांक अनुसार संसारकै सबैभन्दा बढी कोइला डढाउने देश चीन हो। चीन विश्वको कार्बन उत्सर्जनको लगभग ३० प्रतिशत जिम्मेवार हो। त्यसपछि क्रमशः अमेरिका १४, भारत ७, रूस ५, जापान ३, युरोपेली संघ ७ र बाँकी विश्व ३४ प्रतिशत जिम्मेवार मानिएको छ । कार्बन शोषणका प्राकृतिक माध्यम मूलतः समुद्र, जंगल र माटो हुन्। तर ठूला औद्योगिक मुलुक आफ्नो कार्बन शोषण प्रणालीले धान्ने भन्दा अत्यधिक कोइला जलाइरहेका छन्। यिनै मुलुकमा जंगल-जमिन अनुपात कम छ । भारतसँग कुल जमिनको २४.६ प्रतिशत, चीनसँग २३.३ र अमेरिकासँग ३३.९ प्रतिशत मात्र जंगल छ । भोगी जीवनशैलीको अनुपात भने यिनै मुलुकमा बेसी छ। नेपाल लगभग ५० प्रतिशत जंगल भएको मुलुक हो। ठूला उद्योग यहाँ नगन्य संख्यामा छन् । भोगी जीवनशैली अरू देशको तुलनामा नेपालमा कम नै छ। त्यसैले, जलवायु विपत्तिमा नेपालको दोष बहुतै कम छ। नेपालका केही दोष नै छैनन् भन्ने होइन, छन् तर ती आन्तरिक हानि गर्ने खालका मात्र छन्। जस्तो कि कृषिमा रासायनिक मलको प्रयोग, गलत ठाउँमा डोजरको प्रयोग, बेसी धुवाँ फाल्ने यातायात साधनको प्रयोग। नेपालका दोष यस्तै हुन्, जुन वैश्विक जलवायु परिवर्तनका लागि नगन्य मात्रामा जिम्मेवार होलान्।

तर कम गल्ती गर्ने देश नेपाल अरूले गरेको गल्तीको भागीदार बन्नु परेको छ। हिमाल हिउँरहित हुनु, हिमताल फुट्ने खतरा पैदा हुनु, लामो खडेरी पर्नु, खेतीपाती बिथोलिनु, बाढीपहिरोको जोखिम बढ्नु, जैविक विविधता र पर्यटनमा ह्रास आउनु, पानीका मूल सुक्नु र थातथलोबाट मानिसहरू विस्थापित हुने अवस्था सृजना हुनु। जलवायु परिवर्तनबाट नेपालले यस्ता समस्या भोग्न थालेको छ। **उपचारात्मक पहल** जलवायु विपत्ति आज फेसनको विषय बनेको छ। यसका नाममा ठूला होटलमा विभिन्न खाले गोष्ठी, सम्मेलन गर्ने क्रम बढेको छ । तर यी सबै उपचारात्मक उपायमा सीमित छन्। अर्थात् 'सिटामोल खुवाउने' उपायमा सीमित छन्। ज्वरो आउनुको कारणकै निदान गर्नेतर्फ केन्द्रित छैनन्। अर्कोतिर यस मामिलामा जसले गल्ती गरिरहेको छ, उनीहरूले गल्ती स्वीकार गरिरहेका छैनन्। यही आजको विश्वको समस्या हो।

सांभार : अनलाईन खबर।




अनुरोधकर्ता
कमला नगरपालिका
धनुषा, मधेश प्रदेश










स्वास्थ्य निर्देशनालय
सपही
धनुषा, मधेश प्रदेश नेपाल

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday